अमेरिकी राजदूतावास
पब्लिक अफेयर्स कार्यालय
काठमाडौं, नेपाल
फोन : ४००-७२००
पौष ७, २०६५

हिमालमिडियामाथि आक्रमणको अमेरिकी राजदूतावासद्वारा भर्त्सना

पौष ६ गते, आइतवार हिमालमिडियाका कर्मचारी तथा कार्यालयमाथि भएका हिंसात्मक आक्रमण नेपालमा प्रेस स्वतन्त्रतामाथिको निर्लज्ज तथा गैरकानुनी प्रहार भएकाले यो घटनाको हामी भर्त्सना गर्दछौं । हिमालमिडियाको कार्यालय परिसरमा जबरजस्ती प्रवेश गरी त्यहाँका कर्मचारीमाथि हमला गर्नु एक गैरकानुनी कार्य थियो: यस कार्यका अपराधीहरूलाई दोषको भागी बनाउनैपर्छ ।

प्रेसविरूद्ध भएको यो पछिल्लो आपराधिक आक्रमणसम्बन्धमा छानबीन यथाशीघ्र पूरा गरी दोषीविरूद्ध कारवाही थाल्न हामी प्रहरीलाई अनुरोध गर्दछौं । नेपालको प्रेस स्वतन्त्रतामाथि खतरा पुग्नेगरी वा प्रेसमाथि नियन्त्रण गर्नेगरी कुनै पनि पार्टी वा संगठनबाट हिंसा र धम्कीको प्रयोग गरिनु कुनै हालतमा पनि जायज हुँदैन । अपराधीले हिंसात्मक र गैरकानुनी कार्य गरेपनि सजाय नपाउने दण्डहीनताको संस्कारको अन्त्य हुनु जरूरी छ ।

#####